annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १६४ पृष्ठ ८ | काठमाडौं, बुधबार ३० असोज २०८१ | आश्विन शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४४ | WEDNESDAY, OCTOBER 16, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०



कभर स्टोरी

# कर्णालीले कहिले पाउने विशेषज्ञ स्वास्थ्य सेवा ?

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

संघीयतापछि कर्णालीका गाउँ-गाउँमा सिंहदरबार आए । राजनीतिक रूपमा नेता-कार्यकर्ताले जनताका बीच भाषण गर्ने डोजरे विकास र अन्य प्रशासनिक कामहरू पनि गाउँ छिरे । हरेक पालिका केन्द्रहरूमा १५ शयचाको अस्पताल बनाउने घोषणा भए । कतिपय स्थानमा संरचनाहरू बने, कतिपय बन्ने चरणमा छन् । तर, मुलुकमा संघीयता आएको ९ वर्ष बित्न लाग्दासमेत कर्णालीका दूरदराजमा भने विशेषज्ञ स्वास्थ्य सेवाको थालनी अझै भएको छैन ।

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले रणनीतिक अस्पतालमा प्रस्तावित रास्कोट अस्पताल । ● बिस्नप्रसाद न्यौपाने

| कर्णालीमा रहेका स्वास्थ्य संस्था | बर्थिङ सेन्टरको | स्वास्थ्य चौकी | कर्णालीमा जम्मा अस्पताल | सरकारी अस्पताल | नजी अस्पताल | अस्पताल नभएका स्थानीय तह | अस्पताल भएका स्थानीय तह | सञ्चालनमा रहेका जिल्ला अस्पताल | आधारभूत अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्र | निजी अस्पताल नभएका कर्णालीका जिल्ला |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७६९ | ३८३ | ३३० | ५६ | ४२ | १४ | ५६ | २३ | ८ | २५ | ७ |

## नेपाली शान्ति सेना बंकरमा

**काठमाडौं** (अन्नपूर्ण) : संयुक्त राष्ट्र संघको आह्वानमा लेबनानमा खटिएका नेपाली शान्ति सेना सुरक्षित छन्। नेपाली सेनाले युनाइटेड नेशन इन्टरिम फोर्स इन लेबनन (युनिफिल)का लागि खटिएका नेपाली शान्ति सेना सुरक्षित रहेको नेपाली सेनाले मंगलबार जनाएको छ।

नेपाली सेनाका प्रवक्ता एवं सहायक रथी गौरवकुमार केसीले शान्ति सेनामा खटिएका नेपाली सैनिक नियमति सम्पर्कमा र सुरक्षित रहेको बताए। उनले भने, 'घटनाक्रमहरू विकसित भइरहेका छन्। हाम्रो फौज सुरक्षित नै छ। फौज बंकरमा छन्।'

दक्षिणी लेबननस्थित 'ब्लु लाइन' भनिने सीमा क्षेत्रमा नेपालीसहित ३४ राष्ट्रका शान्ति सेना छन्। हाल लेबनानमा ८ सय ७७ नेपाली सेना छन्। शान्ति मिसनको लागि खटिएका नेपाली सेना लेबनान र इजराइलको सीमा क्षेत्रमा तैनाथ छन्।

लेबनानमा शान्ति सेनामाथि इजरायलले गरेको आक्रमणको नेपालसहित ३४ राष्ट्रले निन्दा गरेका छन्। आइतबार लेबनानमा रहेको युनआईएफआईएफलको बेसमा इजरायली सेनाले आक्रमण गरेको थियो। शान्ति मिसनमा खटिएका कम्तीमा १५ जना सामान्य घाइते भएका छन्। घाइते शान्ति सेनाको अवस्था सामान्य रहेको र उपचार जारी रहेको मिसनले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराएको छ।

उता मंगलबार पुन: इजरायलले उत्तरी लेबनानमा गरेको हवाई आक्रमणबाट कम्तीमा २१ जनाको मृत्यु भएको छ। इजरायलको हवाई आक्रमणबाट उत्तरी लेबनानमा २१ जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेको छ। मन्त्रालयका अनुसार उक्त घटनामा अन्य केही मानिस घाइते भएका छन्। उत्तरी लेबनानको अयोटोमा रहेको एक आवासीय भवनमा इजरायली हवाई हमला भएको हो।

संयुक्त राष्ट्रसंघको शान्ति सेनामा तैनाथ नेपालसहित ३४ देशले संयुक्त विज्ञप्ति जारी गर्दै इजरायली सेनाबाट शान्ति सैनिकमाथि गरेको आक्रमणको निन्दा गरेका छन्। उनीहरूले शान्ति सेनामा खटिएका सैनिकको सुरक्षाको सुनिश्चितता गर्न माग गरेका छन्। उनीहरूले यस्ता कार्य तत्काल रोकिनुपर्ने र उचित छानबिन हुनुपर्ने मागसमेत गरे।

विज्ञप्तिमा सबै राष्ट्रले दक्षिणी लेबनान र मध्यपूर्वमा स्थिरता र शान्ति ल्याउनु मुख्य उद्देश्य रहेकोले यूएनआईएफआइएल मिसन र यसको गतिविधिलाई समर्थन गरेको उल्लेख छ।

# बढ्यो विदेशी विनिमय सञ्चिति

## सञ्चिति २१ खर्ब ५२ अर्ब

**सुनिता कार्की** | *काठमाडौं*




मुलुकको बाह्य क्षेत्र सुधारिएको नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकले देखाएको छ। विदेशी विनिमय सञ्चिति अहिलेसम्मकै उच्च हुनु, रेमिट्यान्समा वृद्धि, चालु खाता बचतलगायतका कारणले बाह्य क्षेत्र सन्तोषजनक अवस्थामा रहेको छ। २०८१/८२ को भदौ महिनासम्म विदेशी विनिमय सञ्चिति २१ खर्ब ५२ अर्ब रुपैयाँ पुगेको छ। गत आर्थिक वर्षको असार मसान्तमा भन्दा चालु आर्थिक वर्षको भदौ महिनामा ५.५ प्रतिशत विदेशी विनिमय सञ्चिति बढेको हो। राष्ट्र बैंकले सार्वजनिक गरेको मुलुकको आर्थिक तथा वित्तीय स्थितिका अनुसार विदेशी विनिमय सञ्चिति १६.८ महिनाको वस्तु आयात र १३.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

२०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड बराबर विदेशी रुपैयाँ सञ्चिति रहेको थियो। कुल विदेशी विनिमय सञ्चितिमध्ये केन्द्रीय बैंकमा रहेको सञ्चिति १९ खर्ब २८ अर्ब छ। असार मसान्तमा यस्तो सञ्चिति १८ खर्ब ४८ अर्ब रहेको थियो। यस्तै केन्द्रीय बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थासँग यस्तो सञ्चिति २ खर्ब २३ अर्ब रहेको छ। असार मसान्तमा बैंक तथा वित्तीय संस्थासँग यस्तो सञ्चिति १ खर्ब ९२ अर्ब रहेको थियो। २०८१ भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.१ प्रतिशत छ।

भदौ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ३७.७ प्रतिशत, ११४.४ प्रतिशत र ३०.८ प्रतिशत छन्। असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका थिए।

आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा कुल वस्तु निर्यात ५.१ प्रतिशतले घटी २५ अर्ब ९ करोड छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.८ प्रतिशतले कमी आएको थियो। गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फ भएको निर्यातमा क्रमशः ४.५ प्रतिशत, ४५.३ प्रतिशत र ३.९ प्रतिशतले कमी आएको छ। वस्तुगत आधारमा चिया, पार्टिकल बोर्ड, पिना, जुत्ता तथा चप्पल, सोयाबिन तेल लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, जिंकशिट, पाम तेल, तयारी पोसाक, जडिबुटीलगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात १.१ प्रतिशतले वृद्धि भई २ खर्ब ६२ अर्ब ५४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५.१ प्रतिशतले कमी आएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ०.१ प्रतिशत र ५.१ प्रतिशतले कमी आएको छ भने चीनबाट भएको आयात ११.९ प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्ट्स, खाने तेल, रासायनिक मल, दूरसञ्चार उपकरण तथा पार्ट्स, लसुनलगायतका वस्तुको आयात बढेको छ भने सुन, एमएस विलेट, धान तथा चामल, कच्चा पाम तेल, विद्युतीय उपकरण लगायतका वस्तुको आयात घटेको छ।

» बाँकी पृष्ठ ६

## पेट्रोल र डिजेलको भाउ बढ्यो




**काठमाडौं** (अन्नपूर्ण) : नेपाल आयाल निगमले पेट्रोलियम पदार्थको भाउ बढाएको छ। निगमका अनुसार पेट्रोलको प्रतिलिटर १ रुपैयाँ र डिजेल र मट्टितेलको प्रतिलिटर मूल्यमा ४ रुपैयाँ बढाइएको हो। निगमले हवाई इन्धन र एलपी ग्यासको मूल्य भने यथावत् राखेको छ।

निगमले मंगलबार मध्यरातबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको भाउ बढाउने निर्णय गरेको हो। भारतीय आयल कर्पोरेसन (आईओसी)ले पठाएको मूल्यसूची अनुसार निगमले नयाँ मूल्य तोकेको हो।

# के हो गौशाला धर्मशालाको वास्तविक विवाद ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



पछिल्लो समय पशुपति गौशाला धर्मशालाको विवाद उत्कर्षमा पुगेको छ। यो विवादको अग्रस्थानमा काठमाडौं महानगरपालिका र मारबाडी सेवा समिति छन्। तर, मुख्य विवाद महानगर र समितिबीच होइन। पशुपति क्षेत्र विकास कोषले मारबाडी सेवा समितिले लामो समयदेखि सस्तो मूल्यमा उपयोग गर्दै आएको पशुपति गौशाला धर्मशालासँग सम्झौता भंग गरेको विषय हो।

समितिले गौशाला धर्मशालाको जग्गामा आफ्नो मोहियानी हक रहेको दाबी गर्दै आएको छ भने कोषले मोहियानी हक समितिको नरहेको बताएको छ। कोषले सुरक्षा र समन्वयका लागि अनुरोध गरेपछि मात्रै महानगर जोडिएको हो। धर्मशाला विगत चार दशकभन्दा अघिदेखि मारबाडी सेवा समितिले उपयोग गर्दै आएको छ।

गौशाला चोकमा नै रहेको १० रोपनी जग्गा २०३८ सालदेखि धर्मशाला राख्ने नाममा मारबाडी सेवा समितिले उपयोग गर्दै आएको हो। तत्कालीन मूलभट्ट पद्मनाभ शास्त्रीबाट प्रतिरोपनी २५ रुपैयाँ भाडा तिर्ने शर्तमा समितिले लिएको थियो। त्यो बेला पशुपति क्षेत्र विकास कोषको स्थापना नै भएको थिएन।

राणाकालमा रतिराम अग्रवाललाई पाशुपत क्षेत्रमा छोडिएका दूध कटुवा बाच्छाबाच्छी, साँढे र गाई पाल्ने सर्तमा एक रोपनी ८ आना जग्गा दिइएको थियो। त्यसकै आडमा पछि मारबाडी सेवा समितिले नौ रोपनी ९ आना जग्गा धर्मशालाका लागि भन्दै प्रयोग गरिरहेको थियो। २०५४ सालमा कोषका तत्कालीन सदस्यसचिव वसन्त चौधरीको पालामा भाडा बढाएर समग्रमा वार्षिक ५१ हजार रुपैयाँ तिर्ने सम्झौता भएको थियो। तर अहिलेसम्म त्यो जग्गाको भाडा त्यति नै छ। तीनतले धर्मशालामा २६ वटा सटर छन्। मारबाडी समितिले कोषको स्वीकृति बिनै भौतिक संरचना बनाएको कोषको दाबी छ।

संसद्को सार्वजनिक लेखासमितिले २०६३ सालमै कोषलाई गौशाला धर्मशाला र त्यसले चर्चेको जग्गा नियन्त्रणमा लिन निर्देशन दिएको थियो। तर, डेढ दशक बित्दासम्म कोषले वार्षिक ५१ हजार रुपैयाँमा चित्त बुझाइरहेको छ। समितिले धर्मशालाका दुई दर्जनभन्दा बढी सटरबाट महिनामै लाखौं आम्दानी गरिरहेको छ। विक्रम सम्बत १९८९ देखि धर्मशाला सञ्चालन गर्दै आएको हो। धर्मशालामा हाल अढाइ सय गाई पालिएका छन्।

### मारबाडी सेवा समिति के भन्छ ?

मारबाडी सेवा समितिले तत्कालिन प्रधानमन्त्री श्री ३ जुद्धशमशेर जबराले १९९७ सालमा (८४ वर्ष अगाडि) मारबाडी समाजका रामकुमार मारबाडी लगायतका व्यक्तिहरूलाई बोलाई थारा गाई, साँढे इत्यादिको संरक्षण, हेरचाह गर्न, सेवा - कार्यहरू गर्न यो जग्गा उपलब्ध गराएको जनाएको छ। उसले पशुपतिनाथको दर्शन गर्न आउने तिर्थालुहरूको बसोबासको कुनै भरपर्दो व्यवस्था नभएको अवस्था मनन् गरी गौशाला धर्मशालाको स्थापना गर्‍यो। विभिन्न सामाजिक सेवाकार्यहरू गर्न वर्तमान गौशाला धर्मशालाको जग्गा मारबाडी समाजलाई उपलब्ध गराइएको दाबी समितिले गरेको छ। मारबाडी समाजका अगुवाहरूले आफ्नो व्यवसायको केही अंश चन्दा स्वरूप प्रदान गरी गौशाला धर्मशालाको निर्माण गर्दै गाई गोठ तथा आफ्ना पूर्वजहरूको स्मृतिमा कोठा, हल एवं मन्दिर निमार्ण गर्ने कार्य भएको बताएको छ।

मारबाडी समितिले धर्मशालाको जग्गामा मोहियानी हकसमेत रहेको दाबी गरेको छ। समितिका अनुसार २०२१ सालको नापीको फिल्डबुक, मालपोतको श्रेस्ता र २०४४ सालको नापीको फिल्डबुक, गुठी संस्थानको श्रेस्ता र पशुपति क्षेत्र विकास कोषको मोही लगत नम्बर ८३७ को अभिलेख बमोजिमको ०८१/०८२ सम्मको मोहीले तीर्नुपर्ने बालीबापतको रकम बुझाइसकेको छ।

» बाँकी पृष्ठ ६